# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

# टंगाल, काठमाडौं

मितिः २०७५।०५।२७ गते

## प्रेस विज्ञप्ति

### विषयः आरोप-पत्र दायर गरिएको ।

-------------------------------------------------

नेपाल प्रहरीका प्रहरी निरीक्षक बल्लभबहादुर सिंहले आफ्नो नागरिकताको प्रमाण-पत्रमा जन्म मिति सच्याइ उमेर ढाँटेर डेढ बर्षअघि नै अवकास पाउनु पर्नेमा प्रहरी सेवामा बढी समयावधीसम्म बहाल रही डिएसपीमा बढुवा समेत भएकाले आवश्यक कारवाही गरी पाउँ भन्ने समेतको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निजले जिल्ला प्रशासन कार्यालय बझाङबाट जारी भएको नागरिकताको प्रमाण-पत्रमा उल्लिखित उमेर १८ बर्षलाई फरक पारी सच्याइ मिति २०३७/०१/३१ मा १६ वर्ष उमेर पुगेको बनाइ उक्त नागरिकताको प्रमाण-पत्र ग्रहण गरी प्रहरी नायब उपरीक्षक पदमा बढुवा समेत भइ अवकाश हुने समयभन्दा बढी अवधिसम्म बहाल रही साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम कसुर गरेको देखिन आएकोले निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ तथा दफा २९ को उपदफा(२) एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (२) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिइ मिति २०७५।०५।२६ गते विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता